मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

## विनाशकारी बाढीमा मृत्यु हुनेको संख्या ३५९ पुग्यो

**मधेशदृष्टि**
**वीरगंज।**
रसुवामा आएको विनाशकारी बाढी तथा त्यसको प्रभावबाट विभिन्न जिल्लामा मृत्यु हुनेको संख्या ३ सय ५९ पुगेको छ। प्रहरीका अनुसार बिहीबार साँझ ५ बजेसम्म रसुवामा १७, नुवाकोटमा २८, धादिङमा ३३, चितवनमा १ सय ३२, गोरखामा ३०, तनहुँमा २२, नवलपरासी पूर्वमा ८२ र नवलपरासी पश्चिममा १५ जनाको शव फेला परेको छ। बाढी तथा डुबानबाट प्रभावित र जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सार्ने काम भइरहेको प्रहरीले जनाएको छ। यस्तै, बेपत्ता भएकाहरूको खोजी तथा प्रभावित क्षेत्रमा उद्धार कार्यलाई तीव्रता दिइएको छ। प्रहरीले स्थानीय बासिन्दा तथा विभिन्न सरकारी निकायसँगको समन्वयमा खोज तथा उद्धार गरिरहेको जनाएको छ। बाढीका कारण अवरुद्ध भएका सडक तथा अन्य बाटो खुलाउने कामसमेत भइरहेको छ। विनाशकारी बाढीका कारण विभिन्न जिल्लामा ठूलो जनधनको क्षति भएको छ। प्रभावित क्षेत्रमा राहत तथा उद्धारका लागि सुरक्षा निकायसहित स्थानीय तह र अन्य संघसंस्था परिचालन भइरहेका छन्। प्रहरीले बाढीको जोखिम कायमै रहेकाले जोखिमयुक्त क्षेत्रका बासिन्दालाई सतर्क रहन तथा सुरक्षितस्थानमाजानआग्रहगरेकोछ।

● वर्ष ४ ● अंक २६२ ● २०८३ साल भाद्र १२ गते शुक्रबार ● Friday 28, August 2026 ● सूर्योदय: बिहान ०५:४० बजे ● सूर्यास्त: साँझ ०६:२९ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

# भोटेकोशी बाढीपछि मधेशका
# एकसय नागरिक सम्पर्कविहीन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि मधेश प्रदेशका विभिन्न जिल्लाका एकसय नागरिक सम्पर्कविहीन भएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार बाढी प्रभावित क्षेत्रमा सप्तरीका सबैभन्दा बढी २४ जना सम्पर्कविहीन छन्। पर्साका १६, महोत्तरीका १०, सर्लाहीका ९, बाराका १५, सप्तरीका २४ तथा रौतहटका २ जना सम्पर्कविहीन रहेको विवरण प्राप्त भएको छ। रोजगारी तथा व्यवसायका क्रममा रसुवा पुगेका उनीहरू बाढीपछि परिवार तथा आफन्तको सम्पर्कमा आउन नसकेको बताइएको छ। सम्पर्कविहीन भएपछि उनीहरूका परिवारजनमा चिन्ता बढेको छ।

भोटेकोशी नदीमा आएको बाढीले रसुवाका विभिन्न क्षेत्रमा ठूलो जनधनको क्षति पु¥याएको छ। बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहतका लागि सुरक्षाकर्मी परिचालन गरिएको छ।

सम्पर्कविहीन रहेका व्यक्तिहरूको अवस्था पत्ता लगाउन सम्बन्धित सुरक्षा निकाय तथा स्थानीय तहले खोजी कार्यलाई तीव्रता दिएका छन्। प्रहरीले घटनाबारे थप विवरण संकलन गर्ने तथा सम्पर्कविहीनहरूको अवस्थाबारे खोजी जारी रहेको जनाएको छ।

- **बाराका १५ जना सम्पर्कविहीन**

रसुवा जिल्लाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीपछि बाराका १५ जना सम्पर्कविहीन बनेका छन्। बाढीपछि रसुवाको विभिन्न स्थानमा काम तथा अन्य प्रयोजनका लागि पुगेका व्यक्ति परिवार तथा आफन्तको सम्पर्कमा नआएका बाराका सहायक प्रमुख जिल्ला अधिकारी छविरमण भट्टराईले जानकारी दिए।

'बाढीका अझ कति सम्पर्कविहीन भएका छन् त्यसको यथार्थ खोजी तथा सूचना सङ्कलन गर्ने काम सुरु गरेका छौँ,' उनले भने, 'विभिन्न स्रोतबाट अहिलेसम्म १५ जना सम्पर्कविहीन भएका भन्ने सूचना सङ्कलन गरिएको छ।' सूचना सङ्कलन कार्यलाई जारी राखिएको जनाउँदै उनले यो संख्या अझ बढ्न सक्ने अनुमान गरिएको बताए।

हालसम्म प्राप्त विवरणअनुसार मकवानपुर छतिवन गाउँपालिका–४ नयाँ डुमर स्थायी ठेगाना भई बारामा बस्दै आएका मदन स्याङ्दोला लामा, बाराको परवानीपुर गाउँपालिका–५ बहुअरीका नमनारायण सिंह, कलैया उपमहानगरपालिका–२२ धोधाटोलका सत्यप्रकाश राम र आदर्श कोतवाल गाउँपालिका–१ चिउटाहाका अङ्कित पटेल सम्पर्कविहीन भएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए।

सहायक प्रजिअ भट्टराईका अनुसार प्रसौनी गाउँपालिका–३ का जितेन्द्रकुमार दास, कलैया उपमहानगरपालिका–२३ का श्रीनिवास मण्डल, जितपुरसिमरा उपमहानगरपालिका–१६ का रञ्जित श्रेष्ठ, करैयामाई गाउँपालिका–२ का धिरेन्द्र चौधरी, सुवर्ण गाउँपालिका–५ औरैयाका रमेशकुमार साह र सुवर्ण गाउँपालिका–४ हरैयाका रमेशकुमार यादव पनि सम्पर्कविहीन भएका छन्। यसैगरी, निजगढ नगरपालिका–९ शान्तिटोलका राजु बिष्ट, निजगढ नगरपालिका–९ का दिनेश परियार, कलैया उपमहानगरपालिका–६ आदर्शटोलका देवेश भट्टराई, सुवर्ण गाउँपालिका–१ का सुरजकुमार साह र निजगढ नगरपालिका–८ का उत्तम न्यौपाने भोटेकोशी बाढीपछि सम्पर्कविहीन भएका सहायक प्रजिअ भट्टराईले जानकारी दिए।

सम्पर्कविहीन भएकामध्ये केही रसुवामा, केही भोटेकोशी क्षेत्रमा तथा केही रसुवाका जलविद्युत् आयोजना र अन्य काममा खटिएका थिए। केही व्यक्ति त्रिशूली हाइड्रोपावर तथा रसुवाका विभिन्न आयोजनामा कार्यरत रहेको जानकारी प्राप्त भएको उनले जानकारी दिए।

भोटेकोशी नदीमा बुधबार गएको आकस्मिक बाढीले रसुवा, नुवाकोट, धादिङलगायत क्षेत्रमा ठूलो जनधनको क्षति पुर्याएको जनाइएको छ। बाढीपछि सयौँ मानिस सम्पर्कविहीन भएको र खोज तथा उद्धार कार्य जारी रहेको छ। बाराका सम्पर्कविहीन व्यक्तिहरुको खोजी तथा अवस्थाबारे सम्बन्धित निकायमार्फत थप विवरण सङ्कलन गर्ने कार्य भइरहेको बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले जानकारी दिए।

'हामी गम्भीर भएर बाढीमा हराएका बाराका नागरिकको सूचना सङ्कलन गरिरहेका छौँ,' उनले भने, 'सम्पर्कविहीन भएकाहरूको खोजी तथा उद्धार कार्यका लागि हामी संवेदनशील भएर लागेका छौँ।' सम्पर्कविहीन भएकाहरूको संख्या अझ बढ्न सक्ने अनुमान पनि गरिएको उनले बताए। अहिलेसम्म भेटिएका शवहरू बाढीपछि सम्पर्कविहीन बनेका बाराका व्यक्तिको नभएको उनले जानकारी दिए।

नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा स्थानीय वडाध्यक्षमार्फत सम्पर्कविहीनहरूको विवरण सङ्कलन गर्ने कार्य भइरहेको प्रजिअ मिश्रले जानकारी दिए। परिवारजनले सम्पर्कविहीन व्यक्तिको अवस्था तत्काल सार्वजनिक गरी खोजी तथा उद्धारलाई थप प्रभावकारी बनाउन आग्रह पनि गरेका छन्।

- **सप्तरीका २४ जना सम्पर्कविहीन**

रसुवामा बुधबार गएको बाढीका कारण सप्तरीका २४ जना नागरिक सम्पर्कविहीन बनेका छन्। जिल्लाको बोदेबरसाइन नगरपालिका–८ काचनका एकै परिवारका तीन दाजुभाइसहित २४ जना सम्पर्कविहीन भएका परिवार तथा आफन्तले जानकारी दिए।

तीन छोरा ३५ वर्षीय शिवकुमार यादव, ३१ वर्षीय देवकुमार यादव र २५ वर्षीय सचिन यादवसम्पर्कविहीन भएका बुबा लालबहादुर यादवले जानकारी दिए। उनका अनुसार तीनै जना रसुवास्थित अपर त्रिशूली–१ जलविद्युत् आयोजनामा कार्यरत थिए। उनले भने, 'सम्पर्कविहीन भएका तीन जना छोरामध्ये देवकुमार इन्जिनियर, सचित ओभरसियर र शिवकुमार सुपरभाइजरको पदमा कार्यरत थिए। रसुवाम बाढी आएपछि तीनै जना छोराहरूसँग बुधबार बिहानदेखि अहिलेसम्म सम्पर्क हुन सकेको छैन।'

सुरुङ्गा नगरपालिका–२ का इन्जिनियर सरोज

बाँकी पृष्ठ ३ मा

## मधेश सरकारद्वारा एक दिनको तलब सहयोग




**मधेशदृष्टि**
**जनकपुरधाम।**
भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट भएको जनधनको क्षतिप्रति दुःख व्यक्त गर्दै मधेश प्रदेश सरकारले विपद् व्यवस्थापनका लागि प्रदेश सरकारका मुख्यमन्त्री, मन्त्री तथा सम्पूर्ण पदाधिकारी र कर्मचारीको एक दिन बराबरको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णय गरेको छ।

मधेश प्रदेश सरकारको भदौ १० गते बसेको मन्त्रिपरिषद् बैठकले बाढी प्रभावित नागरिकको खोज, उद्धार तथा राहत कार्यमा सहयोग पु¥याउने उद्देश्यले उक्त निर्णय गरेको हो।

विपद्को कठिन घडीमा राज्यका पदाधिकारी तथा कर्मचारीले समेत आर्थिक सहयोगमार्फत प्रभावित नागरिकप्रति ऐक्यबद्धता जनाउने उद्देश्यले यस्तो निर्णय गरिएको प्रदेश सरकारले जनाएको छ।

सरकारले भोटेकोशी नदीमा आएको बाढीका कारण भएको व्यापक जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गरेको छ। बाढीमा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना पनि प्रकट गरिएको छ। घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गरिएको छ।

बाढी प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत कार्यलाई थप प्रभावकारी बनाउन प्रदेश सरकारले आम नागरिक, बुद्धिजीवी, उद्यमी, व्यवसायी, समाजसेवी तथा सञ्चार क्षेत्रलाई समेत सहयोगका लागि अपिल गरेको छ।

प्रदेश सरकारका पदाधिकारी र कर्मचारीको एक दिनको तलब केन्द्रीय विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने निर्णयले बाढीपीडितको उद्धार, राहत तथा पुनःस्थापनाको कार्यमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ।

# मधेश प्रदेशसभा ठप्प हुँदा जनताका मुद्दा ओझेलमा

**मधेशदृष्टि**
**जनकपुरधाम।**
अन्य प्रदेशमा सरकार गठन र राजनीतिक समीकरण फेरबदलको असर प्रदेश सभा गतिविधिमा परिरहेका बेला तीन दलीय गठबन्धन कायमै रहेको मधेश प्रदेशमा समेत संसदीय गतिविधि ठप्प भएको छ। बजेट पारित भएपछि प्रदेश सरकारले अधिवेशन अन्त्य गरेसँगै जनसरोकारका मुद्दा उठाउने प्रमुख थलो प्रदेश सभा निष्क्रिय बनेको हो।

वर्षा र डुबानको समस्या, उपभोग्य वस्तुको बढ्दो मूल्य, विकास निर्माणमा भइरहेको ढिलासुस्ती लगायतका विषयमा सरकारलाई जवाफदेही बनाउनुपर्ने समयमा प्रदेश सभा अधिवेशन अन्त्य गरिएको भन्दै सांसदहरूले असन्तुष्टि जनाएका छन्।




मधेश प्रदेश सभाको पछिल्लो बैठक बजेट पारित गर्न असार ३१ गते बसेको थियो। त्यसयता बैठक बस्न सकेन। बैठक नियमित हुन नसकिरहेका बेला प्रदेश प्रमुखले भदौ ६ गते प्रदेश सरकारको सिफारिसमा बजेट अधिवेशन अन्त्य भएको सूचना जारी गरेका थिए।

बजेट पारित भएको करिब ३५ दिनपछि मन्त्रिपरिषद्को निर्णयअनुसार प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णले गत शुक्रबार राति १२ बजेदेखि चालु अधिवेशन अन्त्य भएको सार्वजनिक सूचना जारी गरेका हुन्।

प्रदेश सभाका सभामुख रामअशिष यादवले सदन सञ्चालनका लागि मुख्यमन्त्री कृष्णप्रसाद यादवलाई पटकपटक आग्रह गरे पनि सरकारले अपेक्षित चासो नदेखाएको बताएका छन्। उनका अनुसार प्रदेश सभालाई आवश्यक विधेयक र अन्य बिजनेस उपलब्ध गराउन सरकारलाई निरन्तर आग्रह गरिएको छ।

नयाँ कानुन निर्माण तथा विद्यमान कानुन संशोधनका लागि समेत थुप्रै काम बाँकी रहेकाले प्रदेश सभा सञ्चालन आवश्यक रहेको सभामुख यादवको भनाइ छ। तर, अब सदन कहिलेबाट सञ्चालन हुन्छ भन्नेबारे आफूलाई समेत स्पष्ट जानकारी नभएको उनले बताए।

सरकारले तत्काल प्रदेश सभालाई आवश्यक बिजनेस दिनुका साथै बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्नेमा उनले जोड दिएका छन्। बजेट पारित भइसकेकाले विकास योजनाहरू अघि बढाउन सरकार सक्रिय हुनुपर्ने उनको धारणा छ।

मुख्यमन्त्रीसँग यस विषयमा पटकपटक छलफल भएको र आगामी १० देखि १५ दिनभित्र सदन सञ्चालन गर्ने प्रयास भइरहेको जानकारी प्राप्त भएको सभामुख यादवले बताएका छन्।

पूर्वमुख्यमन्त्री तथा जनता समाजवादी पार्टीका

बाँकी पृष्ठ ३ मा

## तिब्बतमा फेरि ताल फुट्ने खतरा, सतर्कता अपनाउन अनुरोध

**मधेशदृष्टि**
**वीरगंज।**
चीनको जलस्रोत मन्त्रालयले नेपाल नजिक छोचेन खोला र पुरेपू त्साङ्पो नदीको संगम छेउमा ठूलो ताल बनेको जनाएको छ। छोचेन खोला र पुरेपु त्रिशूली नदीअन्तर्गतका माथिल्ला सहायक नदीको रुपमा चिनिन्छ।

यी नदीहरू चीनको तिब्बत स्वायत्त क्षेत्रमा उद्गम भई बग्ने र नेपाल प्रवेश गरेपछि त्रिशूली नदीका मुख्य स्रोत–शाखा बन्ने गर्छन्। तिब्बतबाट बगेर आउने पुरेपु र छोचेन खोला नेपालको रसुवागढी नजिक प्रवेश गरेपछि भोटेकोशी–त्रिशूली नदी प्रणालीमा गाभिन्छन्।

बिहीबार बिहानसम्म यी तालमा करिब २० लाख घनमिटर पानी जम्मा भएको र तालबाट पानी बाहिरिन थालिसकेको बताइएको छ। आगामी तीन दिनमा थप ३० लाख घनमिटर पानी तालमा जम्मा हुने अनुमान गरिएको छ। जसका कारण तालको बाँध फुट्ने उच्च जोखिम रहेको चीनको केन्द्रीय टेलिभिजनले बिहीबार जनाएको छ।

सम्भावित बाँध फुट्ने घटनाको तयारी गर्न र आपत्कालीन उद्धार कार्यमा सहयोग पुयाउन चीनको जलस्रोत मन्त्रालयले तालको अवस्थालाई नजिकबाट निगरानी गरिरहेकोको ग्लोबल टाइम्सले लेखेको छ। सम्भावित बाँध फुटेपछि आउने बाढीको अवस्था अनुमान गर्न बाढीसम्बन्धी विश्लेषण पनि गरिरहेको छ।

यता, भोटेकोशी नदीमा पुनः बाढीको जोखिम देखिएपछि तल्लो तटीय क्षेत्रका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरिएको छ।

जल तथा जलस्रोत अनुसन्धान केन्द्रले बिहीबार जारी गरेको सूचनाअनुसार चीनतर्फबाट प्राप्त भूउपग्रह तस्बिर तथा प्रारम्भिक विश्लेषणका आधारमा बुधबार गएको बाढीको उद्गमस्थान आसपासका क्षेत्रमा ताल बनेको जनाइएको छ।

तालमा पानीको सतह बढी फुट्ने जोखिम रहेको सूचनामा उल्लेख छ। यो अवस्थालाई ध्यानमा राख्दै अर्को सूचना जारी नभएसम्म भोटेकोशी नदीको तल्लो तटीय क्षेत्रका बासिन्दा, यात्रु, उद्धारमा खटिएका उद्धारकर्ता तथा सम्बन्धित सबैलाई विशेष सतर्कता अपनाउन आग्रह गरिएको छ।

पछिल्लो सूचनामा नदी किनार तथा अन्य जोखिमयुक्त क्षेत्रबाट सुरक्षित स्थानमा रहन र सम्भावित बाढीको जोखिमलाई गम्भीरतापूर्वक लिन अनुरोध गरिएको छ। केन्द्रको बाढी पूर्वानुमान शाखाका प्रमुख विनोद पराजुलीले जोखिमलाई ध्यानमा राखी सम्बन्धित निकाय तथा सर्वसाधारणलाई आवश्यक सावधानी अपनाउन आग्रह गरे।

## सम्पादकीय

# बाढीको कहरः सरकारको घोषणा होइन, नागरिकको जीवन बचाउने परीक्षा

चीनको तिब्बतबाट सुरु भएको प्राकृतिक विपत्तिको प्रभावले रसुवा, नुवाकोट र धादिङलाई एकैपटक संकटको भुमरीमा धकेलेको छ। भोटेकोशी र त्रिशूलीमा आएको भीषण बाढीले घर, सडक, पुल, विद्यालय, जलविद्युत् आयोजना र अन्य संरचना बगाएको मात्र छैन, सयौं नागरिक, पर्यटक र तीर्थयात्रीको जीवनलाई अनिश्चितताको अँध्यारोमा धकेलेको छ । यस्तो अवस्थामा सरकारले तीन जिल्लाका प्रभावित स्थानीय तहलाई तीन महिनाका लागि 'विपद् संकटग्रस्त क्षेत्र' घोषणा गर्नु आवश्यक कदम हो, तर घोषणा आफैंमा उद्धार होइन । संकटको घडीमा नागरिकलाई चाहिएको कागजी निर्णय होइन समयमै पुग्ने उद्धार टोली, सुरक्षित आश्रय, उपचार, खाना र भरोसा हो । सबैभन्दा गम्भीर पक्ष अझै पनि ठूलो संख्यामा मानिस सम्पर्कविहीन हुनु हो। रसुवामा सयौं पर्यटकको अवस्था अज्ञात छ । गोरखाबाट गोसाइँकुण्ड गएका तीर्थयात्रीको अवस्थाबारे समेत स्पष्ट जानकारी छैन । नुवाकोटको त्रिशूली माध्यमिक विद्यालयमा अध्ययनरत अधिकांश विद्यार्थी सम्पर्कबाहिर रहेको विवरणले विपत्तिको गहिराइ झन् भयावह बनाएको छ। जब विद्यालयमा अध्ययन गर्ने सयौं बालबालिकाको अवस्थाबारे अभिभावक स्वयं अनभिज्ञ हुन्छन्, तब राज्यको विपद् व्यवस्थापन प्रणालीमाथि गम्भीर प्रश्न उठ्नु स्वाभाविक हुन्छ।

११४ जनाको हवाई उद्धार हुनु राज्य संयन्त्र सक्रिय भएको संकेत हो । तर यति ठूलो विपत्तिमा उद्धार गरिएका मानिसको संख्या उपलब्धि मानेर बस्ने अवस्था छैन । अझै सम्पर्कविहीन रहेका नागरिकको खोजी पहिलो प्राथमिकता हुनुपर्छ । सडक र पुल भत्किएका छन्, नदीको बहाव अस्थिर छ र स्थलमार्ग अवरुद्ध छ भने हवाई उद्धारलाई अधिकतम क्षमतामा परिचालन गर्नुपर्छ । स्थानीय बासिन्दा, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, जलविद्युत् आयोजना र स्थानीय सरकारसँग रहेको सूचनालाई एउटै कमान्ड प्रणालीमा जोडेर खोज तथा उद्धार अभियान सञ्चालन गर्न आवश्यक छ । अर्को गम्भीर कुरा पूर्वतयारीको हो । तिब्बतमा हिमपहिरोपछि नदी थुनिएको र त्यसबाट बनेको ताल फुट्न सक्ने सम्भावना रहेको अवस्थामा नदी तटीय क्षेत्रमा पूर्वसूचना र जोखिम व्यवस्थापन कति प्रभावकारी थियो ? विपद् आएपछि हेलिकोप्टर उडाउनु मात्र विपद् व्यवस्थापन होइन । जोखिमको पूर्वानुमान, समयमै चेतावनी, सुरक्षित स्थानमा स्थानान्तरण, सञ्चार प्रणालीको तयारी र स्थानीय तहलाई पर्याप्त स्रोत उपलब्ध गराउनु नै वास्तविक विपद् व्यवस्थापन हो।

बाढीले १९ भन्दा बढी पुलमा क्षति र करिब ४० किलोमिटर सडक अवरुद्ध बनाएको अवस्थाले अर्को चुनौती देखाएको छ। भौतिक संरचना पुनर्निर्माण गर्न सकिन्छ, तर ज्यान गुमाएका नागरिक फर्काउन सकिंदैन । त्यसैले अहिले पुनर्निर्माणभन्दा जीवनरक्षा महत्वपूर्ण छ । जोखिममा रहेका बस्ती तत्काल सुरक्षित स्थानमा सारिनुपर्छ।

खानेपानी, विद्युत्, सञ्चार र स्वास्थ्य सेवा अवरुद्ध भएका क्षेत्रमा वैकल्पिक व्यवस्था तत्काल गर्नुपर्छ । केन्द्रीय कारागारका कैदीबन्दी सुरक्षित रहेको खबर राहतको विषय भएपनि कारागारको प्रशासनिक तथा सुरक्षा संरचनामा क्षति पुग्नुले राज्यका संवेदनशील संरचनाको विपद् सुरक्षा योजनामाथि पनि पुनर्विचार गर्नुपर्ने देखाउँछ। विपद् व्यवस्थापन योजना बनाउँदा सर्वसाधारण मात्र होइन, अस्पताल, विद्यालय, कारागार, जलविद्युत् आयोजना र अन्य रणनीतिक संरचनालाई पनि जोखिमको केन्द्रमा राखिनुपर्छ। भारत, चीन र विश्व बैंकबाट सहयोगको प्रतिबद्धता आउनु स्वागतयोग्य छ। तर बाह्य सहयोग आउँदैछ भनेर राहत व्यवस्थापनमा ढिलाइ गर्ने छुट राज्यलाई छैन। प्राप्त हुने सहयोग पारदर्शी, आवश्यकतामा आधारित र वास्तविक पीडितसम्म पुग्ने सुनिश्चितता पनि उत्तिकै महत्वपूर्ण छ। विपद्को समयमा राहत वितरणमा हुने राजनीतिक पहुँच, पक्षपात वा अनियमितता स्वयं अर्को विपत्ति बन्न सक्छ।

सरकारले संकटग्रस्त क्षेत्र घोषणा गरेको छ । अब घोषणाको प्रभाव गाउँ–बस्तीमा देखिनुपर्छ । सम्पर्कविहीन नागरिकको खोजी तीव्र होस्, जोखिममा रहेका परिवार सुरक्षित स्थानमा पुगून्, घाइतेले तत्काल उपचार पाऊन् र विस्थापितले सम्मानपूर्वक बाँच्ने आधार पाऊन्—यही अहिले राज्यको वास्तविक परीक्षा हो। यो बाढीले प्रकृतिको शक्ति मात्र देखाएको छैन, हाम्रो विपद् तयारीको कमजोरी पनि उजागर गरेको छ । त्यसैले अहिलेको उद्धार अभियान तत्कालको जीवनरक्षामा सीमित हुनु हुँदैन। यसबाट पाठ सिकेर नदी तटीय बस्ती, पूर्वाधार र संवेदनशील क्षेत्रमा दीर्घकालीन विपद् जोखिम न्यूनीकरणको बलियो प्रणाली निर्माण गर्नुपर्छ। किनकि बाढीको पानी घटेपछि संकट सकिंदैन । सम्पर्कविहीन नागरिक घर फर्किएपछि, विस्थापित परिवार सुरक्षित भएपछि र भत्किएका संरचना पुनःनिर्माण भएपछि मात्र राज्यको जिम्मेवारी पूरा भएको मानिनेछ । अहिले सबैभन्दा ठूलो प्रश्न यही हो सरकारले संकट घोषणा ग¥यो, अब संकटमा परेका नागरिकसम्म राज्य कहिले पुग्छ ?

## हर्नामाडीको गुम्बाडाँडा बन्यो

# मूर्तिकलाको खुला सङ्ग्रहालय

वासुदेव पौडेल/वसन्त भण्डारी



**हेटौंडा।**
हेटौंडा उपमहानगरपालिका–१८ हर्नामाडीस्थित गुम्बाडाँडामा पुग्दा बन र खुला चौरबीच विशाल ढुङ्गाका अनेक आकृति देखिन्छन् । मकवानपुरको राप्ती र सुकौरा खोलाका ढुङ्गामा सात देशका २३ मूर्तिकारले कुँदेका मूर्तिले कतै मातृत्वको अनुभूति दर्शाएका छन् छ कतै सपना र आशा। त्यस्तै कुनै मूर्तिले प्रकृति र मानव जीवनको सम्बन्ध बोलेका छन् भने कुनैले बदलिँदो मानव सभ्यताको कथा भनिरहेका छन् । ती कलाकृति कुनै बन्द भवनका भित्ताभित्र सजाइएका होइनन्, खुला आकाशमुनि रुख, घाँस र डाँडाको प्राकृतिक परिवेशसँगै उभिएका छन्, जसले यो स्थान मूर्तिकलाको खुल्ला सङ्ग्रहालयजस्तै बनेको छ। सात देशका २३ मूर्तिकारका श्रम र सीप पोखिएका प्रस्तर मूर्तिले गुम्बाडाँडालाई सामान्य उद्यानभन्दा फरक पहिचान दिएका छन्। आज खुला मूर्तिकला सङ्ग्रहालयका रूपमा चिनिन थालेको यो ठाउँको कथा भने चार–पाँचवटा ठूला ढुङ्गामा मूर्ति बनाउने सामान्य प्रस्तावबाट सुरु भएको थियो । मूर्तिकार तथा गुम्बाडाँडा मूर्तिकला क्षेत्रका सल्लाहकार लक्ष्मण भुजेललाई स्थानीयस्तरमा सम्मान गर्न यही डाँडामा लगिएको थियो । खुला चौर र वरपरको प्राकृतिक वातावरण देखेपछि उनले स्थानीयसँग केही ठूला ढुङ्गा जुटाउनसके साथीहरू बोलाएर चार–पाँचवटा विशाल मूर्ति बनाएर पार्कमा राख्न सकिने प्रस्ताव गरे । 'सुरुआतको कुरा त्यही थियो, पछि छलफल बढ्दै जाँदा अन्तर्राष्ट्रिय रूपमा मूर्तिकला कार्यशाला आयोजना गरेर इतिहास रच्ने तहसम्म पुग्यौँ', उनले सम्झे।

स्थानीय समुदाय, विभिन्न सङ्घसंस्था र सरकारी निकाय जोडिँदै गए । नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठान र कलाकारको सहभागितापछि योजनाले अन्तर्राष्ट्रिय स्वरूप पायो। विसं २०६९ मा प्रथम अन्तर्राष्ट्रिय मूर्तिकला कार्यशाला सञ्चालन भयो । कार्यशालामा नेपालका १८ र विदेशका पाँच गरी २३ मूर्तिकार सहभागी भए । कलाकारलाई एउटै विषयमा बाँधिएको थिएन । आफ्नो अनुभव, संस्कृति, शैली र अवधारणाअनुसार ढुङ्गालाई आकार दिने स्वतन्त्रता थियो । भुजेलका अनुसार विषय खुला राख्दा सिर्जनामा विविधता आयो । कसैले अमूर्त शैली रोजे, कसैले यथार्थपरक आकृति बनाए भने कसैले प्रतीकमार्फत विचार व्यक्त गरे । मूर्तिका लागि विशाल ढुङ्गा जुटाउनु आफैँमा चुनौती थियो । आयोजक टोली मुटनी खोला, राप्ती क्षेत्रलगायत ठाउँसम्म ढुङ्गा खोज्दै पुगेको जानकारी दिँदै भुजेलले ठूला प्राकृतिक ढुङ्गा राप्तीबाट ल्याइयो भने शिवम् सिमेन्टले उपलब्ध गराएका काटिएका ११ वटा ढुङ्गाका ब्लक पनि प्रयोग गरिए। त्यस समयमा कार्यशालाका दिन पनि सहज नरहेको बताउँदै भुजेलले पर्याप्त विद्युत् नहुँदा जेनेरेटर चलाएर रातिसम्म काम गर्नुपरेको स्मरण गरे।

विदेशी कलाकारको बसोबास र खानपानको व्यवस्थापनदेखि आर्थिक स्रोत, उपकरण र विद्युत् जुटाउन चुनौती भए पनि स्थानीय समुदायको उत्साहले कार्यक्रम पूरा गर्न बल दिएको उनको अनुभव छ । विदेशी कलाकारले नेपाली कलाकारसँगै यहाँ काम गरे । उनीहरूका सिर्जनासँगै नेपाली कलाकारका 'जीवनचक्र', 'स्वप्न', 'उत्सुकता', 'शान्तिभूमि नेपाल', 'समुद्र मन्थन' र 'सुनौलो भविष्यको आशा'लगायत कृति यहाँ छन्। इटालीका मूर्तिकार बेटिनो फ्रान्सिनीको 'विश्वकै पहिलो आमा' पनि यहाँका आकर्षक कृतिमध्ये एक हो। प्राकृतिक ढुङ्गाको मूल स्वरूप धेरै नबिगारी मानव आकृति दिइएको उक्त सिर्जनामा नेपाली महिलाले लगाउने नाकको गहनासमेत झल्किन्छ। मूर्तिकार तथा ललितकला क्याम्पसका प्राध्यापक ओम खत्री गुम्बाडाँडाको मुख्य विशेषता प्रकृति र कलाको सङ्गमलाई मान्नुहुन्छ । परम्परागत रूपमा मन्दिर, भवन वा निश्चित संरचनासँग जोडिएको मूर्तिकलालाई प्राकृतिक वातावरणमै सार्वजनिक रूपमा हेर्न सकिने अभ्यासले नयाँ सम्भावना खोलेको उनको भनाइ छ । 'प्रकृतिको आफ्नै रचना हुन्छ, अर्को मानवले सिर्जना गरेको कलाकृति हुन्छ, यहाँ यी दुईको सङ्गम भएको छ', उनले भने।

खत्रीका अनुसार यो प्रतियोगिता नभई कलाकारबीच विचार र अनुभव आदानप्रदान गर्ने 'सिम्पोजियम' थियो। विभिन्न देशमा कस्तो कला अभ्यास भइरहेको छ, कलाकारले ढुङ्गामा कसरी काम गर्छन् र कस्ता औजार प्रयोग गर्छन् भन्ने प्रत्यक्ष हेर्ने अवसर स्थानीय बासिन्दा, विद्यार्थी र कलाप्रेमीले पाए । उनी यसलाई व्यक्तिगत सिर्जनालाई समाज, प्रकृति र सार्वजनिक स्थानसँग जोड्ने महत्त्वपूर्ण अभ्यासका रूपमा लिन्छन्। एक दशकभन्दा लामो समयपछि गुम्बाडाँडाको चुनौती नयाँ मूर्ति थप्नुभन्दा भएका कृतिको कथा जोगाउनु बनेको छ। अधिकांश मूर्तिसँग कृतिको शीर्षक र कलाकारको नाम रहे पनि सिर्जनाको विस्तृत अवधारणा दर्शकले त्यहीँ बुझ्ने व्यवस्था छैन । आधुनिक वा अमूर्त कलासँग परिचित नभएका दर्शकका लागि नामले मात्रै मूर्तिको अर्थ खोल्दैन। उनीहरू फोटो खिचेर फर्कन सक्छन्, तर कलाकारले ढुङ्गामार्फत भन्न खोजेको कथा त्यहीँ छुट्न सक्छ।

खत्री प्रत्येक मूर्तिसँग कलाकार, देश, कृतिको नाम, आकार, माध्यम, सिर्जनाको अवधारणा र निर्माण समयसहित व्यवस्थित विवरण हुनुपर्ने बताउँछन्। त्यसका लागि 'क्युआर कोड' प्रभावकारी विकल्प हुनसक्ने उनको सुझाव छ । मोबाइलबाट कोड स्क्यान गरेपछि कलाकारको परिचय, कृतिको अर्थ, निर्माण प्रक्रिया, पुराना तस्बिर र श्रव्यदृश्य सामग्रीसम्म हेर्न मिल्ने व्यवस्था भए गुम्बाडाँडा घुम्ने ठाउँबाट कला बुझ्ने खुला पाठशालामा बदलिन सक्छ । भुजेल पनि विस्तृत अभिलेखीकरणलाई अबको मुख्य आवश्यकता मान्छन्। कार्यशालाका तस्बिर र श्रव्यदृश्य सामग्री सुरक्षित रहेको तथा पछि वृत्तचित्रसमेत तयार गरिएको उनले बताए । विस्तृत 'क्याटलग' प्रकाशनको काम भने पूरा हुन सकेको छैन । भविष्यमा पुस्तक प्रकाशन गर्ने, पुराना दृश्य सामग्री प्रदर्शन गर्ने र सङ्ग्रहालयको स्वरूपमा विकास गर्ने परिकल्पना रहेको उनको भनाइ छ । खुला आकाशमुनि रहेका मूर्तिमा घामपानीले कति असर गर्छ भन्ने प्रश्न पनि छ। भुजेलका अनुसार प्रयोग गरिएका ढुङ्गा बाहिरी वातावरणमै रहने प्रकृतिका भएकाले मौसमले तत्काल ठूलो क्षति पु¥याउने सम्भावना कम छ। तर नियमित सरसफाइ, लेउ हटाउने, मानवीय क्षतिबाट जोगाउने र अवस्थाको निगरानी आवश्यक हुन्छ। खत्री पनि समयसमयमा निरीक्षण गरी फोहर, लेउ वा चोटपटक देखिए उचित संरक्षण गर्नुपर्ने बताउँछन्।

हर्नामाडी कला प्रतिष्ठानका अध्यक्ष हर्क राम्तेलका अनुसार मूर्तिकला क्षेत्र करिब पाँच दशमलव ६७ हेक्टरमा फैलिएको छ । व्यवस्थित तथ्याङ्क नराखिए पनि वार्षिक करिब १५ देखि २० हजार आन्तरिक पर्यटक आउने उनको अनुमान छ। ठूलो क्षेत्र भएकाले छरिएको लगानीले अपेक्षित स्वरूप दिन नसकेको उनी बताउँछन्। व्यवस्थित बगैँचा, बालबालिकाका लागि खेल्ने ठाउँ, ग्यालरी र अन्य आधारभूत संरचना थपिए पर्यटकलाई लामो समय अड्याउन सकिने उनको भनाइ छ। हेटौँडा–१८ का वडाध्यक्ष अनिलकुमार बानियाँ पनि बिदाका दिन यहाँ पर्यटकको चहलपहल उल्लेख्य हुने बताउँछन् । उनीका अनुसार सामान्य दिनमा करिब ५० देखि ६० जना आउने गरेका छन् भने शुक्रबार र शनिबार चहलपहल बढ्छ । स्थानीयले सञ्चालन गरेका पसल र व्यवसायमार्फत करिब १५ देखि २० परिवार आयआर्जनमा जोडिएको उनको भनाइ छ। वडाले गुम्बा डाँडालाई आसपासका पर्यटकीय क्षेत्रसँग जोडेर आगन्तुकलाई दुईदेखि चार घण्टासम्म अड्याउने वातावरण बनाउने योजना अघि सारेको छ। बानियाँका अनुसार तयार विस्तृत परियोजना प्रतिवेदनमा सूचना केन्द्र, विद्यमान मूर्तिको संरक्षण, थप कलाकृति, बाल उद्यान, चित्रकला प्रदर्शनीस्थललगायत संरचना समेटिएका छन् । करिब रु २३ करोड लागत अनुमान गरिएको उक्त योजनाले मूर्तिकला क्षेत्रलाई व्यवस्थित पर्यटकीय गन्तव्य बनाउने लक्ष्य राखेको उनी बताउँछन्।

गुम्बा डाँडाको सम्भावना पर्यटनमा मात्र सीमित छैन । भुजेल यसलाई कला विद्यार्थी र अनुसन्धानकर्ताका लागि स्रोत केन्द्र बनाउन सकिने देख्छन्। केही विद्यार्थीले यहाँका कृतिमाथि शोध गर्न चासो देखाइसकेको उनी बताउँछन् । भविष्यमा कलाकार आएर बस्न, सिर्जना गर्न र विभिन्न विधाका स्रष्टाले नियमित गतिविधि गर्न सक्ने 'लाइभ आर्ट हब' बनाउने उनको परिकल्पना छ। ठूलो अन्तर्राष्ट्रिय कार्यशाला सधैँ सम्भव नभए पनि नियमित रूपमा कलाकारलाई सिर्जनाका लागि आमन्त्रण गर्न सकिने उनको धारणा छ।

यसका लागि नयाँ संरचना मात्र पर्याप्त हुँदैन । कार्यशालाको इतिहास, कलाकारका प्रारम्भिक स्केच, निर्माणका तस्बिर, भिडियो, कृतिको व्याख्या र त्यसबेलाका सहभागीको अनुभवलाई एउटै डिजिटल अभिलेखमा जोड्न आवश्यक छ। त्यसो भए राष्ट्रिय तथा अन्तरराष्ट्रिय अनुसन्धानकर्ताले समेत गुम्बा डाँडालाई अध्ययनस्थलका रूपमा प्रयोग गर्न सक्छन्। मूर्ति जोगिएर पनि त्यसको अर्थ र इतिहास हरायो भने कला सम्पदाको एउटा महत्त्वपूर्ण हिस्सा हराउँछ। हेटौँडा बजारबाट पूर्वतर्फ रहेको गुम्बा डाँडाले एउटा स्थानीय सोच कसरी अन्तरराष्ट्रिय कला अभ्यासमा बदलिन सक्छ भन्ने उदाहरण दिएको छ । चार–पाँच मूर्ति बनाउने प्रस्तावबाट सुरु भएको यात्राले २३ कलाकारलाई एउटै डाँडामा ल्यायो । उनीहरूले फरक भाषा बोले, फरक समाजबाट आए र फरक शैलीमा काम गरे, तर संवादको माध्यम एउटै थियो–ढुङ्गा । आज ती कलाकार कार्यस्थलमा छैनन्, छिनो र हथौडाको आवाज पनि सुनिँदैन। उनीहरूले छाडेका आकृति भने वन र खुला आकाशबीच उभिइरहेका छन् । कुनैमा मातृत्व छ, कुनैमा सपना, कुनैमा प्रकृति र कुनैमा मानव सभ्यताको प्रश्न । अब तिनलाई जोगाउनु भनेको ढुङ्गा मात्रै जोगाउनु होइन, कलाकारको विचार, समयको स्मृति र हर्नामाडीले बनाएको एउटा कला इतिहास जोगाउनु हो।

गुम्बा डाँडाको परिचय कुनै एउटा आकर्षक मूर्तिमा सीमित छैन। यो फरक देश, संस्कृति र पुस्ताका कलाकारले एउटै भूगोलमा छाडेका सिर्जनाको साझा थलो हो। प्रत्येक मूर्तिको कथा दर्शकसम्म पु¥याउन सकियो, अभिलेख व्यवस्थित भयो र संरक्षणले निरन्तरता पायो भने गुम्बा डाँडा केवल घुम्ने गन्तव्य रहने छैन। यो प्रकृति र सिर्जनाबीच संवाद हुने, विद्यार्थीले कला पढ्ने, अनुसन्धानकर्ताले इतिहास खोज्ने र सर्वसाधारणले ढुङ्गाभित्रका कथा बुझ्ने खुला सङ्ग्रहालय बन्न सक्छ । मूर्तिकलाका क्षेत्रमा नेपालले अरनिकोको समयदेखि नै अन्तरराष्ट्रिय रुपमा चासो र चर्चा कमाएको नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानका परिषद् सदस्य एवं मूर्तिकला विभागका प्रमुख कुभिर देवान (केडी) बताउँछन्। नेपालमा हाल करिब पाँच सयको सङ्ख्यामा मूर्तिकारहरू क्रियाशील रहेको बताउँदै उनले पछिल्ला समयमा मूर्तिकारिताको व्यावसायिक विकास बढ्दै गएको अनुभव सुनाए । विभिन्न मूर्तिकारले सिर्जना गरिएका मूर्तिसहितका सङ्ग्रहालय देशका करिब १० ठाउँमा रहेको बताउँदै उनले यिनीहरूको संरक्षण गर्दै पर्यटकीय रुपमा उपयोग हुनुपर्ने आवश्यकता औँल्याए । रासस


मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

## सीमाको व्यापारिक ढोका रसुवाः

# तीर्थ, पर्यटन र चीनसँगको व्यापारको संगम

**मिश्रीलाल मधुकर**
**जनकपुरधाम।**

हिमालको काखमा अवस्थित रसुवा प्राकृतिक सौन्दर्य, धार्मिक आस्था, पर्यटन र चीनसँगको व्यापारका कारण नेपालको महत्वपूर्ण सीमावर्ती जिल्लाका रूपमा परिचित छ। काठमाडौंसँग करिब १२० किलोमिटर दूरीमा रहेको रसुवा चीनको तिब्बती स्वायत्त क्षेत्रसँग जोडिएको छ। समुद्री सतहबाट करिब ४ हजार ६ सय मिटर उचाइसम्म फैलिएको रसुवा हिमाली भूगोल, पहाडी बस्ती र विविध जातीय संस्कृतिको संगम हो। प्राकृतिक सुन्दरता र धार्मिक महत्वका कारण देश तथा विदेशबाट पर्यटक तथा तीर्थयात्री यहाँ पुग्ने गर्छन्।





रसुवाको सबैभन्दा चर्चित धार्मिक गन्तव्य 'गोसाइँकुण्ड' हो। हिन्दु धर्मावलम्बीका लागि पवित्र तीर्थस्थल मानिने गोसाइँकुण्ड धार्मिक यात्राका साथै प्राकृतिक सौन्दर्यका कारण पनि पर्यटकको प्रमुख आकर्षण बनेको छ। पार्वतीकुण्ड, दूधकुण्ड, उत्तरगया र जलेश्वरनाथ मन्दिरलगायतका धार्मिक स्थलले जिल्लाको धार्मिक पर्यटनलाई थप समृद्ध बनाएका छन्। त्यस्तै, जाङ्गे झरनाको प्राकृतिक सौन्दर्य, हिमाली क्षेत्रका दृश्य तथा नेवार, शेर्पा र तामाङ समुदायका मौलिक बस्तीले पनि रसुवामा पुग्ने पर्यटकलाई आकर्षित गर्छन्। यहाँ आउने पर्यटकले नेपाली कला तथा हस्तकलाका सामग्रीसँगै शिलाजित, पश्मिना तथा ऊनी सामग्रीलगायतका स्थानीय उत्पादनसमेत खरिद गर्ने गरेका छन्।

रसुवाको अर्को महत्वपूर्ण पहिचान चीनसँगको व्यापार हो। चीनको तिब्बतसँग जोडिएको सीमावर्ती क्षेत्रमा रहेको प्रमुख व्यापारिक नाका तथा बजारका कारण रसुवा लामो समयदेखि नेपाल–तिब्बत व्यापारको महत्वपूर्ण मार्गका रूपमा रहँदै आएको छ। अहिले पनि चीनबाट नेपालमा विभिन्न सामग्री भित्र्याउने प्रमुख मार्गका रूपमा यसको भूमिका छ। रसुवागढी–केरुङ नाका सञ्चालनमा आएपछि जिल्लाको व्यापारिक महत्व झनै बढेको छ। चीनबाट नेपाल भित्रिने सामानका साथै सीमावर्ती बजारमा हुने आर्थिक गतिविधिले स्थानीय व्यवसायलाई समेत चलायमान बनाएको छ।

रसुवा धार्मिक पर्यटनका दृष्टिले पनि मानसरोवर यात्रासँग जोडिएको महत्वपूर्ण मार्ग हो। यही कारण गोसाइँकुण्ड तथा हिमाली क्षेत्र हुँदै धार्मिक तथा पर्यटकीय यात्रा गर्नेको संख्या उल्लेख्य रहने गरेको छ। पर्यटन र व्यापारका कारण रसुवाका बजारहरूमा वर्षभरि चहलपहल रहने गरेको स्थानीयहरू बताउँछन्। विशेषगरी चीनसँगको सीमावर्ती व्यापार तथा पर्यटकको आवागमनले रसुवालाई अन्य हिमाली जिल्लाभन्दा फरक आर्थिक पहिचान दिएको छ।

ऐतिहासिक दृष्टिले पनि रसुवाको महत्व कम छैन। नेपाल–तिब्बत सम्बन्ध तथा सीमावर्ती गतिविधिसँग जोडिएको रसुवा किल्ला यसको ऐतिहासिक पहिचानका रूपमा रहेको छ। विगतमा नेपाली र भोटे समुदायबीच भएका संघर्षसँग जोडिएको यो क्षेत्र आज इतिहास र पर्यटनको महत्वपूर्ण गन्तव्य बन्न सक्ने सम्भावना बोकेको छ। माओवादी द्वन्द्वका समयमा समेत चीनसँगको सीमावर्ती अवस्थिति र व्यापारिक गतिविधिका कारण रसुवाको मुख्य बजार तुलनात्मक रूपमा निरन्तर सञ्चालनमा रहेको स्थानीय स्मरण छ। त्यसबेला पनि व्यापारिक आवागमन र सीमापार आर्थिक सम्बन्धले बजारलाई चलायमान राख्न भूमिका खेलेको थियो।

रसुवा केवल एउटा हिमाली जिल्ला मात्र होइन, धार्मिक आस्था, हिमाली पर्यटन, ऐतिहासिक सम्पदा र चीनसँगको व्यापारलाई जोड्ने रणनीतिक भूगोल हो। गोसाइँकुण्डदेखि रसुवागढीसम्म फैलिएको यसको पहिचानले नेपालका लागि पर्यटन र व्यापार दुवै क्षेत्रमा ठूलो सम्भावना बोकेको छ। तर सडक, पूर्वाधार, पर्यटन व्यवस्थापन, सीमा व्यापारको व्यवस्थित सञ्चालन तथा प्राकृतिक विपद्को जोखिम न्यूनीकरणमा पर्याप्त ध्यान दिन नसकिए यो सम्भावना चुनौतीमा परिणत हुन सक्छ। त्यसैले रसुवाको प्राकृतिक, धार्मिक र व्यापारिक महत्वलाई संरक्षण गर्दै पूर्वाधार विकास र सुरक्षित पर्यटन प्रवद्र्धनमा राज्यले दीर्घकालीन योजना अघि बढाउन आवश्यक छ।

हिमालको काखमा रहेको रसुवाको वास्तविक शक्ति यसको प्रकृति मात्र होइन नेपाललाई चीनसँग जोड्ने व्यापारिक सम्बन्ध, हिन्दु धर्मावलम्बीको आस्थाको केन्द्र र विश्व पर्यटकलाई आकर्षित गर्ने हिमाली सौन्दर्यको अद्वितीय संगम हो।

## प्रदेश जनलोकपाल आयोगद्वारा

# पाँचौँ वार्षिक प्रतिवेदन पेश




**मधेशदृष्टि**
**जनकपुरधाम।**

प्रदेश जनलोकपाल आयोगले आर्थिक वर्ष २०८२–८३ मा सम्पन्न गरेका कामकारबाही तथा गतिविधि समेटिएको पाँचौँ वार्षिक प्रतिवेदन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्रलाल लाभ कर्णसमक्ष पेश गरेको छ।

आयोगले बिहीबार जनकपुरधामस्थित प्रदेश प्रमुखको कार्यालयमा आयोजित कार्यक्रममा आफ्नो वार्षिक प्रतिवेदन प्रदेश प्रमुख कर्णलाई बुझाएको हो।

आर्थिक वर्ष २०८२–८३ मा आयोगबाट सम्पादन गरिएका विभिन्न कार्य, सञ्चालन गरिएका गतिविधि तथा हासिल भएका प्रगतिलाई प्रतिवेदनमा समेटिएको आयोगले जनाएको छ।

प्रदेश जनलोकपाल आयोगले प्रत्येक आर्थिक वर्षमा आफूले गरेका काम, उपलब्धि तथा गतिविधिको विवरणसहित वार्षिक प्रतिवेदन प्रदेश प्रमुखसमक्ष पेश गर्दै आएको छ।

प्रतिवेदन ग्रहण गर्दै प्रदेश प्रमुख कर्णले यसमा समेटिएका विवरणले मधेश प्रदेशमा सुशासन, सार्वजनिक निकायको जवाफदेहिता तथा कार्यसम्पादनको अवस्थाबारे महत्वपूर्ण जानकारी प्रदान गर्ने विश्वास व्यक्त गरेका छन्।

प्रदेशमा सुशासन प्रवद्र्धन तथा सार्वजनिक निकायलाई थप उत्तरदायी बनाउन आयोगको भूमिका महत्वपूर्ण रहने बताउँदै प्रदेश प्रमुखले प्रतिवेदनले आगामी दिनका लागि समेत आवश्यक मार्गदर्शन प्रदान गर्ने अपेक्षा व्यक्त गरेको जनाइएको छ।

## दुई नाबालकको शंकास्पद मृत्युः

# सौतेनी आमा प्रहरीको नियन्त्रणमा



**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंज महानगरपालिका–२९ मुसैली गाउँमा दुई नाबालकको केही दिनको अन्तरालमा भएको शङ्कास्पद मृत्यु प्रकरणमा प्रहरीले उनीहरूकी सौतेनी आमा रोशनी मिश्र चौबेलाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक चक्रबहादुर मल्लका अनुसार रोशनीलाई सोधपुछका लागि नियन्त्रणमा लिइएको हो।

घटनाको थप विवरण भने शल्यपरीक्षण प्रतिवेदन प्राप्त भएपछि मात्र खुल्ने प्रहरीले जनाएको छ। प्रहरीका अनुसार मुसैलीका ९ वर्षीय आदर्श चौबेको आइतबार र उनकी बहिनी अनुष्का चौबेको मंगलबार शङ्कास्पद अवस्थामा मृत्यु भएको थियो। अनुष्काको शव शल्यपरीक्षणका लागि काठमाडौं पठाइएको छ। मृतकका मामा प्रिन्सकुमार त्रिपाठीले आदर्शको मृत्युबारे परिवारलाई जानकारी नदिई अन्त्येष्टि गरिएको आरोप लगाएका छन्। अनुष्काको मृत्युको प्रकृति आदर्शको मृत्युसँग मिल्दोजुल्दो देखिएपछि परिवारले प्रहरीलाई खबर गरेको उनको भनाइ छ।

मृतक बालबालिकाकी आमाको करिब तीन वर्षअघि मृत्यु भएपछि उनीहरूका बुबा तारकेश्वर चौबेले रोशनीसँग दोस्रो विवाह गरेको परिवारले जनाएको छ। परिवारले सौतेनी आमाबाट बालबालिकामाथि दुव्र्यवहार तथा शोषण भएको आरोपसमेत लगाएको छ। यद्यपि, यी आरोपको स्वतन्त्र पुष्टि हुन बाँकी छ।

## बाढी प्रभावितलाई सहयोगार्थ

# दुई पालिकाद्वारा आर्थिक सहयोगको घोषणा

**मधेशदृष्टि**
**वीरगंज।**

पर्साको सखुवा प्रसौनी गाउँपालिकाले रसुवाको भोटेकोशी क्षेत्रमा बाढीपहिरोबाट प्रभावित परिवारको राहत तथा पुनस्र्थापनाका लागि ५ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने घोषणा गरेको छ।

गाउँपालिका अध्यक्ष जसवन्त यादवले रसुवामा आएको विनाशकारी बाढीपहिरोबाट प्रभावित बाढीपीडितका लागि गाउँपालिकाको तर्फबाट उक्त रकम सहयोग गर्ने निर्णय गरिएको जानकारी दिएका हुन्। विपत्तिको यस घडीमा एक–अर्कालाई सहयोग गर्नु मानवीय कर्तव्य भएको बताउँदै अध्यक्ष यादवले प्राकृतिक विपद्का कारण भएको ठूलो जनधनको क्षतिप्रति दुःख व्यक्त गरेका छन्।

बाढीपहिरोबाट प्रभावित परिवारको उद्धार, राहत तथा पुनस्र्थापनामा केही भए पनि सहयोग पुगोस् भन्ने उद्देश्यले गाउँपालिकाले आर्थिक सहयोग गर्ने निर्णय गरेको अध्यक्ष यादवले बताए।

यसैगरि बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले प्रभावितहरूको राहत तथा उद्धारका लागि ११ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको छ। उपमहानगरको बिहीबार बसेको ६९औं नगर कार्यपालिकाको बैठकले उक्त निर्णय गरेको हो। उक्त रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिने उपमहानगरका लेखा प्रमुख तथा उपसचिव हरिशंकरप्रसाद कुर्मी जानकारी गराएका छन्। अकल्पनिय रुपमा आएको बाढीबाट प्रभावित क्षेत्रमा राहत, पुर्ननिर्माणका लागि उक्त रकम सहयोग गर्ने निर्णय भएको कुर्मीले बताए।

यसैगरी आफ्नो सेवा सुविधाबाट नगर प्रमुखले १० हजार, उपप्रमुखले पाँच हजार, वडाध्यक्ष तथा कार्यपालिका सदस्यले दुई हजार थप रकम सहयोग गर्ने निर्णय गरिएको छ। उक्त रकम पनि कोषमा जम्मा गरिनेछ। बैठकले उपमहानगरपालिकामा कार्यरत सम्पूर्ण कर्मचारी र शिक्षकहरूलाई पनि स्वैच्छिक रूपमा राहत कोषमा योगदान गर्न आह्वान गर्ने निर्णय गरेको छ।

## ठगी कसुरको मुद्दामा फरार

# चारजनालाई पक्राउ गर्न पत्राचार

**मधेशदृष्टि**
**वीरगंज।**

ठगीसम्बन्धी कसुरको मुद्दामा फरार रहेका वीरगंजका हरिनारायण रौनियारसहित चार जनालाई पक्राउ गर्न जिल्ला प्रहरी कार्यालय धनुषाले सम्बन्धित प्रहरी कार्यालयलाई पत्राचार गरेको छ। अरुणकुमार साहको जाहेरीका आधारमा नेपाल सरकार वादी र धनबहादुर बस्नेतसमेत प्रतिवादी रहेको ठगीसम्बन्धी मुद्दामा अनुसन्धानका क्रममा फरार रहेका चार जनालाई पक्राउ गर्न पत्राचार गरिएको हो। धनुषा जिल्ला अदालतबाट २०८३ साल असार २० गते पक्राउ पुर्जी जारी गर्न अनुमति प्राप्त भएपछि फरार प्रतिवादीहरूको खोजी तीव्र पारिएको प्रहरीले जनाएको छ। पक्राउका लागि खोजी गरिएका व्यक्तिमा सोलुखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका–६ घर भई हाल काठमाडौंको बुद्धनगरमा बस्ने जेभी कम्पनीका सञ्चालक ३० वर्षीय धनबहादुर बस्नेत रहेका छन्। त्यस्तै, पर्साको वीरगंज महानगरपालिका–७ निवासी ५८ वर्षीय हरिनारायण रौनियार, सोही स्थानकी ३६ वर्षीया श्रुति रौनियार र ४५ वर्षीय सुमित रौनियारलाई पनि पक्राउ गरी अनुसन्धानका लागि उपस्थित गराउन भनिएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाले उनीहरूका घरठेगाना तथा लुकिछिपी बस्न सक्ने सम्भावित स्थानमा खोजतलास गरी फेला परे तत्काल पक्राउ गरेर धनुषा प्रहरी कार्यालयमा पठाउन सम्बन्धित प्रहरी निकायलाई अनुरोध गरेको छ। प्रहरीका अनुसार पक्राउपछि चारै जनामाथि ठगीसम्बन्धी कसुरमा थप अनुसन्धान प्रक्रिया अगाडि बढाइनेछ।

# स्नातकोत्तर तहका परीक्षा स्थगित

**मधेशदृष्टि**
**वीरगंज।**

त्रिभुवन विश्वविद्यालय, व्यवस्थापन सङ्कायअन्तर्गत सञ्चालन भइरहेको स्नातकोत्तर तहका विभिन्न कार्यक्रमको नियमित परीक्षा स्थगित गरिएको छ। व्यवस्थापन सङ्काय, डिनको कार्यालयले बिहीबार जारी गरेको सूचनाअनुसार एमबिएस, एमपिए, एमबिए–एफ, एमबिए–सिएल, एमबिए–एम, एमबिएम, एमएचएम, एमटिटिएम र एमएटिएस कार्यक्रमअन्तर्गत आजका लागि निर्धारित परीक्षा स्थगित गरिएको हो। बाढीका कारण उत्पन्न असहज तथा प्रतिकूल परिस्थितिलाई ध्यानमा राखी सम्बन्धित परीक्षा स्थगित गरिएको व्यवस्थापन सङ्कायले जनाएको छ। स्थगित परीक्षाको नयाँ मिति तथा तालिका यथाशीघ्र प्रकाशन गरिने सूचनामा उल्लेख छ। यसअघि त्रिविको व्यवस्थापन सङ्कायले नुवाकोटको त्रिभुवन त्रिशूली बहुमुखी क्याम्पस परीक्षा केन्द्रमा आजको लागि तय भएको एमबिएसअन्तर्गत 'व्यवस्थापन ५२२: अन्तरराष्ट्रिय व्यवसाय' विषयको परीक्षा पनि प्राकृतिक विपत्तिका कारण स्थगित गरेको थियो।

# साहबुद्दिन विरुद्ध मुद्दा दर्ता

**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंजमा भएको दुई समुदायबीचको झडपमा संलग्न रहेको आरोपमा पक्राउ परेका नेपाली कांग्रेस पर्सा क्षेत्र नम्बर २ का सभापति मोहम्मद साहबुद्दीनविरुद्ध सार्वजनिक शान्तिविरुद्धको कसुरमा मुद्दा दर्ता गरिएको छ। जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार साहबुद्दीनविरुद्ध मुद्दा दर्ता गरी अनुसन्धानका लागि अदालतबाट म्याद थप गरिएको हो। वीरगंजको छपकैयामा झण्डा राख्ने विषयलाई लिएर दुई पक्षबीच झडप भएको थियो। झडपमा ६ जना सर्वसाधारण र एक जना प्रहरी जवान घाइते भएका थिए।

घटनापछि प्रहरीले साहबुद्दीनलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको थियो। घटनामा संलग्न अन्य व्यक्तिमाथि समेत प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ।

# मधेश प्रदेशसभा ठप्प हुँदा...

नेता जितेन्द्रप्रसाद सोनलले सरकारको उदासीनताका कारण प्रदेश सभा बैठक बस्न नसकेको आरोप लगाएका छन्। प्रदेशभरिका जनताका समस्या र सरोकारका विषय ओझेलमा परेको भन्दै उनले तत्काल सदन सञ्चालन गर्न माग गरेका छन्।

उनका अनुसार प्रदेश सभा सञ्चालन भए जनताका समस्या, विकास निर्माण तथा प्रदेशका अन्य महत्वपूर्ण विषयले सदनमा प्रवेश पाउनेछन्। बैठक कहिले बोलाउने र कति समय सञ्चालन गर्ने भन्ने विषय सरकारको प्राथमिकतामा निर्भर रहने उनले बताए।

प्रदेशमा सरकार स्थिर हुँदाहुँदै पनि सदन निष्क्रिय रहनु उचित नभएको सोनलको तर्क छ। लोकतान्त्रिक व्यवस्थामा सरकार परिवर्तन र गठबन्धन निर्माण–विघटन सामान्य राजनीतिक प्रक्रिया भए पनि मधेशमा स्थिर सरकार रहेकाले संसदीय गतिविधि रोकिनुको कारण स्पष्ट हुनुपर्ने उनको भनाइ छ।

प्रदेशका पूर्वगृहमन्त्री राजकुमार लेखीले पनि प्रदेश सभा सञ्चालनका लागि सरकारले आवश्यक गृहकार्य गरिरहेको हुनुपर्ने अनुमान गरेका छन्। जनताका मुद्दा सदनमा उठ्नुपर्ने विषयमा कसैको मतभेद नभए पनि सरकारले बैठक सञ्चालनमा किन ढिलाइ गरिरहेको छ भन्नेबारे स्पष्ट हुन नसकेको उनले बताएका छन्।

# भोटेकोशी बाढीपछि...

चौधरी पनि सम्पर्कविहीन रहेका सुरुङ्गा नगरपालिकाका प्रमुख गीता चौधरीले जानकारी दिए। उन रसुवामा मैलुङ जलविद्युत् आयोजनामा कार्यरत थिए।

त्यसैगरी, कञ्चनपुर नगरपालिकाका अनशा चौधरी, विष्णुपुर गाउँपालिका–१ खुरुरियाका इन्जिनियर अजयकुमार यादव, शम्भुनाथ नगरपालिका–६ कठौनाका सहायक इन्जिनियर ओमप्रकाश चौधरी, शम्भुनाथ नगरपालिका–८ का साजन चौधरी, सोही पालिका वडा नं ४ का प्रेमसागर चौधरी, पिताम्बर दास, शम्भुनाथ नगरपालिका–३ का रमेश चौधरी, दीपेन्द्र चौधरी, खडक नगरपालिकाका अनिलकुमार चौधरी, वडा नं १० का सुरज मण्डल, शिवकुमार पासवान, राज पासवान र हेमनारायण साह, कञ्चनपुर नगरपालिका–३ का अमरकान्त, तिलाठी कोइलाडी गाउँपालिकाका राजीवकुमार सिंहसहित सम्पर्कविहीन रहनुभएको जानकारीमा आएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक विजय कार्कीले जानकारी दिए।

सम्पर्कविहीन १७ जनाको नाम आइसकेको बताउँदै उनले बाँकीको विवरण आउने क्रम अझै रहेको जानकारी दिए। 'हामीले लिखित निवेदन माग गरेका छौँ। यो कठिन परिस्थितिमा आफ्ना आफन्त परिवारका सदस्य सम्पर्कविहीन भएको भए उनहरूको खोजी तीव्र पार्न सम्पर्कविहीन व्यक्तिको नाम, थर, स्थायी ठेगाना, सम्पर्क नम्बर तथा हाल बसोबास गरिरहेको स्थानलगायत विवरण नजिकको प्रहरी कार्यालयमा उपलब्ध गराउन आग्रह छ।'

- **सर्लाहीका नौ जना सम्पर्कविहीन**

भोटेकोशी नदीमा आएको बाढीका कारण सर्लाहीका नौ जना सम्पर्कविहीन भएका छन्। लालबन्दी नगरपालिका–९ निवासी माधव काफ्ले, अनुज काफ्ले, लालबन्दी नगरपालिका–५ का कृष्णप्रसाद धमला, द्वारिका दङ्गाल र चिरञ्जीवी खतिवडा सम्पर्कविहीन भएका हुन्। उनीहरु केही दिनअघि गोसाइँकुण्ड तीर्थयात्रामा गएका थिए।

सोही बाढीका कारण हरिवन नगरपालिका–११ कडरिया चोक निवासी सक्षम कार्की र मनिल कायस्थ पनि सम्पर्कविहीन भएको परिवारजनले बताएका छन्। उनहरु साथीहरूसँग मिलेर रसुवाको गोसाइँकुण्ड यात्रामा जानुभएको र बुधबार बिहानबाट सम्पर्कविहीन हुनुभएको मनिलका बुबा बालगोपाल कायस्थले जानकारी दिए।

भोटेकोशीको बाढीले त्रिशूली '३बी' जलविद्युत् आयोजनामा कम गर्ने सर्लाहीको हरिवन नगरपालिका–५ घुर्कौलीका प्राविधिक सुनिलकुमार कुशवाहा र ईश्वरपुर नगरपालिका–७ बयलबासका लक्ष्मण श्रेष्ठ सम्पर्कविहीन छन्। उनीहरु कार्यरत आयोजना बाढीले ध्वस्त बनाएपछि उनहरु सम्पर्कविहीन भएको हो। उनीहरूको खोजीका लागि परिवारले हारगुहार गरेका छन्।

जिल्ला प्रहरी कार्यालयले एक सूचना सार्वजनिक गर्दै बुधबार बिहान भोटेकोशी नदीमा आएको बाढीपछि प्रभावित क्षेत्रबाट सम्पर्कविहीन भएको आफन्तको विवरण उपलब्ध गराई दिन आग्रह गरेको छ।

- **महोत्तरीका १० जना सम्पर्कविहीन**

भोटेकोशीको बाढीसँगै महोत्तरीका १० जना सम्पर्कविहीन भएका छन्। रसुवाका विभिन्न विद्युत् उत्पादन केन्द्रमा कार्यरत र कामविशेषले त्यता गएकाहरु सम्पर्कविहीन भएका हुन्।

महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले सम्पर्कविहीनको अवस्था यकिन गर्न प्रयत्न भइरहेको जानकारी दिए।

बर्दिबास–३ का सौभाग्य बिष्ट, बर्दिबास–९ की जोया राना मगर, पिपरा–३ का विकास यादव, औरही–३ का सचिनकुमार यादव, गौशाला–९ का विजय थापामगर, लोहारपट्टि–७ का युवराज पाण्डे र गौशाला–८ बेलगाछीका शीतल लुङ्गेली, निजकी पत्नी सरिता लुङ्गेली तथा छोरा साइमन लुङ्गेली सम्पर्कविहीन भएका हुन्।

उनीहरु विद्युत् उत्पादन केन्द्रमा कार्यरत रहेका जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ। बुधबार बिहान ८◌ः०० बजेपछि छोरासँग सम्पर्क नभएको सौभाग्य बिष्टका पिता ध्रुवकुमार बिष्टले बताए।

**पर्साका १६ जना सम्पर्कविहीन**

भोटेकोशी नदीमा आएको बाढीमा परी पर्साका १६ जना नागरिक सम्पर्कविहीन भएका छन्।

मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले बिहीबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार रसुवाका विभिन्न स्थानमा कार्यरत तथा बसोबास गर्दै आएका पर्सा जिल्लाका १६ जना नागरिक हालसम्म सम्पर्कमा नआएको जनाएको छ।

प्रहरीका अनुसार पर्साबाट नारायण पटेल, सुबोध पटेल, अरुण हजरा, श्यामबाबु ठाकुर, उकेश दंगोल, सञ्जय तामाङ, आकाश तामाङ, कमरुल होदा अंसारी, सुभाष पटेल, समिम देवान, अनुतम बहादुर श्रेष्ठ, अभिषेक बस्तोला, घनश्याम बस्तोला, दिनेश परियार र पृथ्वी चौधरीसहित १६ जना सम्पर्कविहीन छन्।

# भोटेकोशी बाढी: ३५९ शव फेला, ९१० जना सम्पर्कविहीन

***हालसम्मको अद्यावधिक सूचनाअनुसार, ९ सय १० जना सम्पर्कविहीन छन् । जसमध्ये नेपाल प्रहरीका २८, नेपाली सेनाका ४४, सशस्त्र प्रहरी बल नेपालका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका चार, रसुवाका १ सय ६१ र नुवाकोटका एक जना छन् । साथै विदेशी नागरिक ५ सय १७ जना र नेपाल घुम्न आएका विदेशमा बस्ने नेपाली नागरिक १ सय २७ जना सम्पर्कविहीन छन् ।***



**मधेशदृष्टि**
**काठमाडौँ।**
रसुवाको भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीमा परी ज्यान गुमाउने ३ सय ५९ जनाको शव फेला परेको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार धादिङमा ३३ र नुवाकोटमा २८ जनाको शव फेला परेको हो।

त्यसैगरी, रसुवामा १७, गोरखामा ३०, नवपरासीपूर्वमा ८२, नवपरासी पश्चिममा १५, तनहुँमा २२ र चितवनमा १ सय ३२ जनाको शव फेला परेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार बाढी प्रभावित क्षेत्रबाट हालसम्म ७ सय ९६ जनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ।

बिहीबार मात्रै उद्धारका लागि ६९ वटा हेलिकप्टर उडान भएका छन् । हालसम्म कुल ५० जना विदेशी नागरिकको हेलिकप्टरमार्फत उद्धार गरिएको छ । साथै जमिनबाट हालसम्म ७ सय ५६ जनाको उद्धार गरिएको छ । प्राधिकरणका अनुसार बाढी प्रभावित जिल्ला रसुवा र नुवाकोटका लागि एक–एक करोड रुपैयाँ र धादिङलाई ५० लाख रुपैयाँ राहत उपलब्ध गराउने निर्णय गरेको छ।

प्रभावित क्षेत्रमा हालसम्म १० ट्रक राहत सामग्री पठाइएको छ । जसमा चाउचाउ, बिस्कुट, ‘स्लिपिङ ब्याग’, ‘म्याट्रेस’, ब्ल्याङ्केटलगायत छन् । प्रभावित क्षेत्रमा सञ्चार ‘सेट’ पनि पठाइएको छ । हेलिकप्टरबाट चार उडान गरी खाद्य तथा गैरखाद्य सामग्री पनि पठाइएको छ।

प्राधिकरणका अनुसार हाल ९ सय १० जना सम्पर्कविहीन छन् । जसमध्ये नेपाल प्रहरीका २८, नेपाली सेनाका ४४, सशस्त्र प्रहरी बल नेपालका १३, भन्सार कार्यालयका १५, अध्यागमन कार्यालयका चार, रसुवाका १ सय ६१ र नुवाकोटका एक जना छन् । साथै विदेशी नागरिक ५ सय १७ जना र नेपाल घुम्न आएका विदेशमा बस्ने नेपाली नागरिक १ सय २७ जना सम्पर्कविहीन छन्।

- **४० किलोमिटर सडक र ४१ पुल क्षतिग्रस्त**

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवामा करिब ४० किलोमिटर सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको छ । पूर्वाधार विकास मन्त्रालयका अनुसार नुवाकोटको वेत्रावतीबाट मैलुङ हुँदै स्याफ्रुबेँसी–रसुवागढी जोड्ने सडक पूर्ण रूपमा क्षतिग्रस्त भएको हो । यस्तै गल्छीबाट त्रिशूलीसम्मको करिब १० किलोमिटर सडकसमेत बन्द छ। पृथ्वी राजमार्गअन्तर्गत करिब १३ किलोमिटर सडक लेदोले भरिएको छ । लेदो हटाएर सडक सञ्चालनमा ल्याउने कार्यलाई पहिलो प्राथमिकतामा राखी काम भइरहेको पूर्वाधार विकासमन्त्रीको सचिवालयले जनाएको छ । बाढीका कारण ४१ वटा पुल पूर्ण रूपमा क्षतिग्रस्त भएका छन्।

आवश्यकता र सम्भावनाको पहिचान गरी ती बेलिब्रिज जडान गर्ने काम अघि बढाइएको छ । भारत र चीन सरकारबाट पनि आवश्यक बेलिब्रिज तत्काल उपलब्ध गराउने प्रतिबद्धता प्राप्त भएको छ।

सरकारसँग ५० मिटरसम्म लम्बाइका सात वटा बेलिब्रिज छन्।

पहिलो चरणमा पृथ्वीराजमार्ग सञ्चालनमा ल्याउने र रसुवालाई सडक सञ्जालसँग जोड्ने गरी काम अघि बढाइएको छ । त्यसका लागि वेत्रावतीमा बेलिब्रिज राख्ने तयारी भइरहेको पूर्वाधार विकासमन्त्रीको सचिवालयले जनाएको छ।

सडक खुलाउने कार्यलाई तीव्रता दिन सरकारले उपलब्ध गराएका १० र निजी क्षेत्रबाट उपलब्ध १० गरी कुल २० वटा उपकरण परिचालन गरिएको छ । क्षतिग्रस्त सडक तथा पुलको पुनःनिर्माण र यातायात सञ्चालनलाई प्राथमिकतामा राख्दै काम तीव्र रूपमा अघि बढाइएको छ।

१३ हजार २९५ सुरक्षाकर्मी परिचालन

रसुवास्थित भोटेकोशी नदीमा बुधबार बिहान गएको बाढीपछि प्रभावित क्षेत्रमा राहत तथा उद्धार कार्यलाई तीव्र पारिएको छ । विपद्मा परेका नागरिकको रक्षाका लागि १३ हजार २ सय ९५ जना सुरक्षाकर्मी परिचालन गरिएको राष्ट्रिय विपद् न्यूनीकरण तथा जोखिम व्यवस्थापन प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार बाढीग्रस्त क्षेत्रमा उद्धार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन नेपाल प्रहरीका सात हजार २ सय ५०, नेपाली सेनाका चार हजार २ सय र सशस्त्र प्रहरी बल नेपालका एक हजार ८ सय ४५ जना सुरक्षाकर्मी प्रत्यक्ष रूपमा खटिएका छन् । सडक सञ्जाल अवरुद्ध भएका कारण उद्धार टोलीहरूले हवाई र पैदल दुवै मार्गबाट उद्धार कार्य अघि बढाएका छन् । स्थलगत पहुँच कठिन भएका स्थानहरूमा हवाई मार्गबाट द्रुत उद्धार गरिएको छ । नेपाली सेना र निजी हवाई कम्पनीका हेलिकप्टरहरूले ६९ पटक उडान भरेर जोखिमपूर्ण स्थितिमा थुनिएका ३ सय ५१ जना नागरिकलाई सुरक्षित स्थानमा पु¥याएका छन्।

प्रतिकूल मौसम र नदीको तीव्र बहावका बाबजुद सुरक्षाकर्मीले आफ्नै ज्यान जोखिममा राखेर निरन्तर उद्धार गरिरहेका छन् । स्थानीय प्रशासन र सुरक्षा निकायले बाँकी क्षेत्रमा पनि खोजी र राहत वितरणको कार्यलाई अझ बलियो र विस्तृत बनाउँदै लगेको जनाइएको छ।

# सर्वदलीय बैठकः उद्धार र राहतमा सहकार्य



**काठमाडौँ।**
भोटेकोशी बाढीबाट भएको क्षति, खोजी तथा उद्धार, राहत र पुनःस्थापनाका विषयम राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको आह्वानमा बिहीबार सिंहदरबारमा बसेको बैठकले उद्धार र राहत कार्यमा खटिँदा राजनीतिक प्रतिस्पर्धाभन्दा सहकार्यको भावनालाई प्रोत्साहित गर्न आह्वान गरेको छ।

बिहीबार सिंहदरबारमा बसेको सर्वदलीय बैठकले भोटेकोशीलगायत नदी बेसिनमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, चितवन, नवलपरासीसहित जिल्लामा पर्न गएको मानवीय र भौतिक संरचनाको विनाशप्रति गहिरो शोक व्यक्त गर्दै सबै सक्रिय भएर उद्धार र राहतमा खटिन आह्वान गरेको छ।

सर्वदलीय बैठकले विपद् व्यवस्थापनमा आ–आफ्नो क्षेत्रबाट सक्दो सहयोग गर्न सबै राजनीतिक दल, तीनका सङ्घ, सङ्गठन र सदस्यलाई आह्वान गर्दै विपद्का समयमा गरिने सहयोग सस्तो लोकप्रियता वा राजनीतिक स्वार्थपूर्तिको माध्यम बन्नु हुँदैन भन्नेमा सम्पूर्ण दलहरू स्पष्ट हुनुपर्नेमा जोड दिएको छ।

सर्वदलीय बैठकले विपद् व्यवस्थापनमा हुने आर्थिक सङ्कलन पारदर्शी र व्यवस्थित गराउँदै सम्पूर्ण पार्टी पङ्क्ति, स्वदेश तथा विदेशमा रहेका नागरिक र शुभचिन्तकलाई नेपाल सरकारको आधिकारिक ‘प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोष’ वा सरकारले तोकेको आधिकारिक खातामा मात्र आर्थिक सहयोग जम्मा गर्न विशेष आह्वान गरेको छ।

यसैगरी, सामाजिक सञ्जालको विवेकसम्मत प्रयोग र संवेदनशील सूचना प्रवाह गर्न आह्वान गरिएको छ ।

बैठकले विपद्को संवेदनशील घडीमा सामाजिक सञ्जालमा फैलिनसक्ने भ्रामक सूचना र अतिरञ्जित दृश्यले समाजमा मनोवैज्ञानिक त्रास सिर्जना गर्नुका साथै प्रभावितको गोपनीयता र आत्मसम्मानमा चोट पु¥याउने भएकाले पनि आधिकारिक निकायबाट प्रमाणित सूचना मात्र सम्प्रेषण गर्न र सामाजिक सञ्जालको संयमित, विवेकसम्मत र उत्तरदायी प्रयोग गर्न सम्पूर्ण नागरिक तथा सञ्चारमाध्यमलाई अनुरोध गरेको छ।

बैठकले हिमतालको वैज्ञानिक अध्ययन र सीमापार संयुक्त पहल गर्ने विषयमा जोड दिएको छ । नेपालभित्रका जोखिमपूर्ण हिमतालको विस्तृत वैज्ञानिक अध्ययन र नक्साङ्कन अविलम्ब सुरु गर्न सरकारसँग माग गरेको छ। सीमापार (चीनतर्फ) रहेका हिमतालको जोखिम आँकलन र न्यूनीकरणका लागि मित्रराष्ट्र चीनसँग तत्काल उच्चस्तरीय कूटनीतिक पहल गरी वैज्ञानिक तथा प्राविधिक अध्ययन संयन्त्र गठन गर्न सरकारको गम्भीर ध्यानाकर्षण गराइएको छ।

विपद् कूटनीति र पूर्वसूचना प्रणालीमा समन्वय गरेर तल्लो तटीय क्षेत्रका नागरिकलाई सुरक्षित गर्न सकिने गरी प्रविधिमैत्री र भरपर्दो संयन्त्र विकास गर्न सरकारलाई सुझाव दिएको छ।

बैठकले महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिहरू विपद्मा सर्वाधिक जोखिममा पर्ने पक्षलाई मनन गर्दै तीनको उद्धार, राहत र व्यवस्थापनमा प्राथमिकता दिन आग्रह गरेको छ।

नेपालले भोगिरहेका यस्ता ‘हानि–नोक्सानी’का विषयलाई अन्तरराष्ट्रिय मञ्चमा सशक्त रूपमा उठाउँदै जलवायु न्यायको सिद्धान्तअनुरूप अन्तरराष्ट्रिय समुदाय र बहुपक्षीय विकास साझेदारलाई दायित्व बोध गराउन पनि सरकारलाई आग्रह गरेको छ।

बैठकले अकल्पनीय क्षतिपछिको उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माणमा आवश्यक मानवीय, प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घ, विकास साझेदार निकाय, अन्तरराष्ट्रिय गैरसरकारी संस्था, मित्रराष्ट्र तथा प्रवासी नेपाली समुदाय लगायतलाई अपिल गरेको छ । बैठकले दीर्घकालीन समाधानका लागि ‘उच्चस्तरीय सर्वदलीय संयन्त्र’ गठन गरेको छ।

रास्वपाको आह्वानमा बिहीबार बसेको सर्वदलीय बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, नेपाली कांग्रेसका सभापति गगनकुमार थापा, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’, नेकपा एमालेका महासचिव शङ्कर पोखरेल, श्रम संस्कृति पार्टीका प्रतिनिधि ध्रुव राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलगायतको सहभागिता थियो।

# दैवी प्रकोप उद्धार कोषमा विभिन्न सहयोग जारी

## धनुषाका ५० कर्मचारीको एक दिनको



बुधबार बिहान आएको बाढीबाट प्रभावित तथा पीडित परिवारको राहतका लागि नापी कार्यालय धनुषामा कार्यरत ५० जना कर्मचारीले आफ्नो एक दिनको तलब बराबरको रकम सहयोग गर्ने भएका छन्।

बाढीका कारण विभिन्न क्षेत्रमा जनधनको क्षति हुनुका साथै धेरै परिवार प्रभावित भएपछि कार्यालयका कर्मचारीहरूले स्वेच्छिक रूपमा एक दिनको तलब सहयोग गर्ने निर्णय गरेका हुन्।

कार्यालयका अनुसार कर्मचारीबाट संकलन हुने रकम बाढी प्रभावित तथा पीडित परिवारको राहतमा प्रयोग गरिनेछ।

नापी कार्यालय धनुषाका प्रमुख उमेशकुमारले विपद्को समयमा पीडितलाई सहयोग गर्नु मानवीय दायित्व भएको बताए । कर्मचारीहरूले आफ्नो व्यक्तिगत आम्दानीबाट स्वेच्छिक रूपमा सहयोग गर्ने निर्णय गर्नु सकारात्मक उदाहरण भएको उनको भनाइ छ।

‘बाढीका कारण समस्यामा परेका परिवारलाई तत्काल राहत र सहयोग आवश्यक छ । त्यसैले आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने उद्देश्यले एक दिनको तलब बराबरको रकम स्वेच्छिक रूपमा उपलब्ध गराउने निर्णय गरेका हौँ,’ उनले भने । प्रमुख उमेशकुमारले विपद्को समयमा सरकारी निकाय, कर्मचारी तथा सर्वसाधारणले आफ्नो क्षमताअनुसार सहयोग गर्नुपर्नेमा जोड दिए।

बाढीपीडित परिवारको दुःखमा केही भए पनि राहत पु¥याउने उद्देश्यले कर्मचारीहरूले उक्त रकम सहयोग गर्न लागेको कार्यालयले जनाएको छ।



**मधेशदृष्टि**
**जनकपुरधाम।**
रसुवा बाढीपछि पीडितका लागि राज्यकोषमा रकम जम्मा हुन थालेको छ । नेपाली क्रिकेट खेलाडी हरिशंकर साहले बाढीपहिरो तथा अन्य प्राकृतिक विपद्बाट प्रभावित नागरिकको उद्धार र राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २५ हजार रुपैयाँ सहयोग गरेका छन् ।जनकपुरधाम निवासी साहले आफ्नो व्यक्तिगत कमाइबाट रकम सहयोग गरेका हुन् । विपद्को समयमा पीडितको साथमा उभिनु सबैको साझा दायित्व रहेको उनले बताएका छन् ।सामाजिक सञ्जालमार्फत भावुक सन्देश सार्वजनिक गर्दै साहले आफूहरूसँग बस्न घर, खानाका लागि भोजन, पिउन पानी र परिवार भए पनि धेरै नागरिक यतिबेला यी आधारभूत आवश्यकताबाट समेत वञ्चित रहेको उल्लेख गरेका छन् ।उनले कठिन परिस्थितिमा विपद् प्रभावितको सहयोगका लागि व्यक्तिगत खर्च केही समय कटौती गरेर भए पनि योगदान गर्न सबैलाई आग्रह गरेका छन्। भविष्यमा कमाउन सकिने भए पनि तत्काल संकटमा परेकालाई अहिले नै सहयोग आवश्यक रहेको उनको भनाइ छ ।विपद् जुनसुकै बेला जोसुकैलाई पर्न सक्ने भन्दै साहले आफूहरू पनि त्यस्तै परिस्थितिमा पर्न सक्ने भएकाले पीडितको पीडालाई आफ्नै दुःख सम्झेर सक्दो सहयोग गर्नुपर्ने बताएका छन् । साहले विपद्को समयमा सबै एकजुट भए सहयोग गर्न सके प्रभावित नागरिकको उद्धार तथा राहतमा महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गरेका छन्।

# लेखा समूह धनुषाको एक लाख सहयोग

रसुवामा आएको विनाशकारी बाढीबाट प्रभावित तथा पीडित परिवारको राहतका लागि धनुषामा कार्यरत लेखा अधिकृत तथा लेखापालहरूको समूह ‘लेखा समूह धनुषा’ले एक लाख रुपैयाँ सहयोग गरेको छ । समूहले बिहीबार जिल्ला प्रशासन कार्यालय धनुषाका प्रमुख जिल्ला अधिकारीमार्फत रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको हो।

धनुषाका विभिन्न स्थानीय तह तथा सरकारी निकायमा कार्यरत लेखा अधिकृत, लेखापाललगायत समूहमा आबद्ध कर्मचारीबाट स्वेच्छिक रूपमा रकम संकलन गरी सहयोग गरिएको समूहका उपाध्यक्ष सञ्जीवकुमार महतोले जानकारी दिए।



उनका अनुसार विपद्को समयमा पीडित परिवारप्रतिको मानवीय दायित्वलाई ध्यानमा राख्दै समूहका सदस्यहरूले आपसी सहमतिमा सहयोग रकम जुटाएका हुन् । संकलित एक लाख रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरी त्यसको भौचरको प्रतिलिपिसमेत प्रमुख जिल्ला अधिकारीलाई हस्तान्तरण गरिएको समूहले जनाएको छ।

रसुवाको भोटेकोशी नदीमा आएको भीषण बाढीले ठूलो जनधनको क्षति पु¥याएको छ । बाढीमा परी धेरैले ज्यान गुमाएका छन् भने सयौँ घाइते हुनुका साथै ठूलो संख्यामा परिवार प्रभावित तथा विस्थापित भएका छन्।

विपद्बाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि विभिन्न व्यक्ति, संस्था र सरकारी निकायबाट सहयोग जुटिरहेका बेला लेखा समूह धनुषाले पनि आफ्नो तर्फबाट सहयोग गरेको जनाएको छ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन